# चन्द्रपुर नगरपालिका

स्थानीय राजपत्र

चन्द्रपुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड : ८, संख्या : ११, मिति :२०८१/०८/२५

भाग २


मधेश प्रदेशबाट प्रकाशित स्थानीय सेवाको गठन,संचालन र सेवाका शर्तहरु सम्वन्धमा बनेको ऐन स्थानीय (सेवा गठन तथा संचालन) ऐन २०८१ को दफा १५५ बमोजिम चन्द्रपुर नगरपालिकाको नगरकार्यपालिकाले पारित गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि स्तानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ।

## वि.स. २०८१ सालको कार्यविधि न. ११

## चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि गर्न बनेको कार्यविधि, २०८१

**प्रस्तावना** : चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न बान्छनीय भएकाले मधेश प्रदेशबाट प्रकाशित स्थानीय सेवाको गठन, संचालन र सेवाका शर्तहरु सम्बन्धमा व्यबस्था गर्न बनेको ऐन "स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी चन्द्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न बनेको कार्यविधि, २०८१ रहने छ।

CamScanner

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क)** ऐन भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ सम्झनु पर्दछ।

**(ख)** कर्मचारी भन्नाले स्थानीय सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्छ, सो शब्दले तत्काल प्रचलित कानुन बमोजिम साविकका स्थानीय निकायमा स्थायी नियुक्ति भएका कर्मचारीहरु, कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम यस नगरपालिकामा समायोजन भएका सम्पूर्ण सेवाका कर्मचारीहरु (स्वास्थ्य सेवा) समेत र संघीय/प्रदेश लोकसेवा आयोगबाट सिफारिस भएका कर्मचारीहरु तथा यस नगरपालिकामा कार्यरत सम्पूर्ण स्थायी कर्मचारीलाई जनाउँछ।

**(ग)** "स्थानीय तह" भन्नाले चन्द्रपुर नगरपालिका, रौतहट सम्झनु पर्दछ।

**(घ)**"सेवा सुविधा" भन्नाले प्रचलित कानुन बमोजिम स्थायी कर्मचारीले प्राप्त गर्ने सम्पुर्ण सेवा सुविधालाई सम्झनु पर्दछ। सो शब्द सेवा निवृत्त भए पश्चात प्राप्त गर्ने सेवा सुबिधा समेतलाई जनाउने छ।

**(ङ)** न्यूनतम शैक्षिक योग्यता भन्नाले प्रचलित कानुनमा सुरु सेवा प्रवेश गर्दा निर्धारण गरेको न्यूनतम शैक्षिक योग्यता र तह वद्धि हुने पदको लागि मधेश प्रदेश सभाबाट पारित भएको स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ ले निर्धारण गरेको शैक्षिक योग्यतालाई सम्झनुपर्दछ।

(च) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले चन्द्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा सो बमोजिमको जिम्मेवारीमा रहेको कर्मचारीलाइ सम्झनु पर्दछ।

३. **तह वृद्धि/स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्था :** (१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ र सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३, ४ अनुसार हुने तह वृद्धि सम्बन्धी व्यवस्था सम्झनु पर्नेछ।

४. **सिफारी समिति सम्बन्धि व्यबस्था :** यस कार्यविधिको दफा ३ बमोजिम तह वृद्धि/स्तर वृद्धि गर्न प्रमुख प्रशासकीय अधिकृतले स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ को आधारमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति तोक्नु पर्नेछ।

५. **सूचना प्रकाशित गर्नु पर्ने व्यवस्था :** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा २९ को उपदफा ४ बमोजिम सोहि ऐनको दफा ८ को उपदफा २२, २३ तथा दफा २८ र २९ को उपदफा १, २ र ३ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि

CamScanner

सम्बन्धी सूचना प्रत्येक आर्थिक वर्षको मंसिर महिना वा जेष्ठ महिनामा प्रकाशित गरी चन्द्रपुर नगरपालिकाको वेव साइडमा सूचना प्रकाशन गर्नु पर्नेछ।

**६. निवेदन पेश गर्नेः** यस कार्यविधि अनुसार प्रकाशित सूचनामा उल्लेखित म्याद भित्र तह वृद्धि/स्तर वृद्धि हुन योग्यता पुगेका सम्बन्धि कर्मचारीले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन पेश गर्नु पर्नेछ।

**७. समिति गठन सम्बन्धी व्यवस्था :** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्जाल) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ र सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३, ४ अनुसार हुने तह वृद्धि सम्बन्धी सिफारिस गर्न देहाय अनुसार तह वृद्धि सिफारिस समिति गठन गर्नु पर्नेछ।

**क) तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति :**

| | | |
|---|---|---|
| १. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर नवौं तहको कर्मचारी | - | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तर नवौं/आठौं तहको कर्मचारी | - | सदस्य |
| ३. प्रशासन शाखाको शाखा प्रमुख वा अधिकृतस्तरको कर्मचारी | - | सदस्य सचिव |

**ख)** उपदफा (क) मा जेसुकै कुरा लेखिएको भएता पनि सिफारिस समितिमा तोकीएका कर्मचारीहरु स्वंय तह वृद्धिको उम्मेदवार भएको खण्डमा प्रमुख प्रशासकीय अधिकृतले अर्को अधिकृत स्तरको कर्मचारी सदस्य तोक्नु पर्नेछ।

**ग)** सेवा समुह संग सम्बन्धित विषय विज्ञको आवश्यकता परेको खण्डमा सम्बन्धित सेवाको अधिकृत स्तर कर्मचारीलाई तह वृद्धि तथा बढुवा समितिले आमन्त्रित गर्न सक्नेछ।

**८. निर्णय गर्नु नपर्ने :** यसै कार्यविधिको आधारमा तह वृद्धि/स्तर वृद्धि गर्नको लागि नगर कार्यपालिकाको निर्णय आवश्यक पर्ने छैन।

**९. यस नगरपालिका अन्तर्गतका कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि सम्बन्धि विशेष व्यबस्थामा थप :** (१) मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ र सोही ऐनको दफा २८ र दफा २९ को उपदफा १, २, ३ अनुसार हुने तह वृद्धि/स्तर वृद्धि सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ।

**(क)** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम यसै आर्थिक वर्ष २०८१/०८२ मा छैठौं तहबाट सातौं तहमा तह मिलान भएका कर्मचारीको हकमा नियुक्ति मिति देखिकै कार्य सम्पादन मुल्यांकन र सेवा

अवधिलाई आधार मानि एक पटकको लागि सातौं तहबाट आठौँ तहमा स्तर वृद्धि/तह वृद्धि गरिदिनु पर्ने छ।

**(ख)** यस नगरपालिकाको नगर सभाबाट आर्थिक वर्ष २०७८/०७९ मा स्वीकृत ऐन "चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यबस्थापन एवं समायोजन ऐन २०७८" बमोजिम यस नगरपालिकामा समायोजन भएका साविक स्थानीय तहका सम्पूर्ण कर्मचारीहरुलाई मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २८ र २९ बमोजिम कम्तिमा तीन आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेका र सो ऐनको दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको तह/स्तर बाट एक तह/स्तर वृद्धि गरी दिनुपर्ने छ।

**(ग)** मधेश प्रदेश भित्रका अन्य स्थानीय तहबाट यस नगरपालिकामा खटाइएका कर्मचारीहरु (प्रशासन र इन्जिनियरिंग सेवाका) को हकमा एक पटकको लागि मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २८ र २९ बमोजिम कम्तिमा तीन आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेका र सो ऐनको दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले एक तह/स्तर वृद्धि गरी दिनुपर्ने छ।

**(घ)** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (ग) बमोजिम एक तह स्तर वृद्धि गर्दा यस मधेश प्रदेशको अन्य स्थानीय तहबाट यस नगरपालिकामा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कामकाजमा खटाइएका कर्मचारीको हकमा सेवा अवधि ३ वर्ष पुरा भई यस नगरपालिकामा कम्तिमा दुई वर्ष सेवा अवधि पुरा गरी दुई आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेको खण्डमा मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ऐनको दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित सेवा समुहमा नै एक तह/स्तर वृद्धि गरी दिनुपर्ने छ।

**(ङ)** २०७६ सालको संघीय लोक सेवा आयोगको विज्ञापनबाट सिफारीस भई स्थायी नियुक्ति भएका चौथौ र पाँचौ तहका (प्रशासन, लेखा र इन्जिनियरिंग सेवा समुहका) कर्मचारीहरुलाई दोहोरो सहमतिको आधारमा विभिन्न स्थानीय तहबाट रिक्त दरबन्दीमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न मितिमा यस नगरपालिकामा कामकाज गर्न खटाइएका कर्मचारीहरुलाई एक पटकको लागि मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन)

ऐन, २०८१ को दफा २९ को उपदफा १ बमोजिम कम्तिमा तीन आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेका र सो ऐनको दफा २९ को उपदफा १ बमोजिम शैक्षिक योग्यता पुगेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धिट सेवा समुहमा नै एक तह/स्तर वृद्धि गरी दिनुपर्ने छ।

**(च)** यस नगरपालिकामा स्वास्थ्य सेवामा कार्यरत अधिकृत छैठौं (सि.अ.न.मि., ज.स्वा.नि. र सि.अ.हे.व.) तहका कर्मचारीहरुलाई मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा २ बमोजिम ५ वर्ष सेवा अवधि पुरा गरी कम्तिमा दुई आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम उत्तम अंक प्राप्त गरेका कर्मचारीहरुको हकमा तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धिट सेवा समुहमा नै एक तह/स्तर वृद्धि (अधिकृत सातौं तह) गरी दिनुपर्ने छ।

(छ) यस नगरपालिकाको नगर सभाबाट आर्थिक वर्ष २०७८/०७९ मा स्वीकृत ऐन "चन्द्रपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुको व्यबस्थापन एवं समायोजन ऐन २०७८" बमोजिम यस नगरपालिकामा समायोजन भएका का.स.तेस्रो/चौथौं तहका कर्मचारीहरुलाई मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २८ र २९ बमोजिम कम्तिमा तीन आर्थिक वर्षको कार्य सम्पादन मुल्यांकनमा न्युनतम ८० प्रतिशत अंक प्राप्त गरेका कर्मचारीहरुलाई तह वृद्धि/स्तर वृद्धि सिफारिस समिति मार्फत सिफारिस भई आएपछि प्रमुख प्रशासकीय अधिकृतले समायोजन भएको तह/स्तर बाट एक तह/स्तर वृद्धि (का.स. पाचौं तहमा) गरी दिनुपर्ने छ।

१०. **पदस्थापन सम्बन्धी विशेष व्यवस्था :** मधेश प्रदेश सरकारबाट प्रदेश राजपत्रमा प्रकाशित स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ र २३ तथा सोही ऐनको दफा २८ र २९ को उपदफा १, २ र ३ अनुसार तह वृद्धि हुने पदको दरबन्दी स्वतः सिर्जना भई प्रमुख प्रशासकीय अधिकृतले अनुसूची २ अनुसार तह वृद्धि भएको पत्र दिई सोको जानकारी निर्णय भएको मितिले १५ दिन भित्र प्रदेश किताबखाना, मन्त्रालय र प्रदेश लोक सेवा आयोग लगायत सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

**११. अपुग रकम बराबरको ग्रेड थप :** कर्मचारीहरुको तह वृद्धि भई नयाँ तलवमान कायम भई निजले खाइपाई आएको साबिक तलवमान भन्दा कम हुने भएमा अपुग रकम बराबरको ग्रेड थप गरी तलवमान कायम गरिनेछ।

**१२. आवश्यक व्यवस्था मिलाउने :** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो कार्यविधि प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउने छ।

CamScanner

**१५. व्याख्या :** यो कार्यविधिको सम्बन्धमा नगर कार्यपालिकाले गरेको व्याख्या नै अन्तिम हुनेछ।

**१६. खारेजी एवं बचाउ :** तह वृद्धि/स्तर वृद्धि सम्बन्धी भएको काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

आज्ञाले

किरण निधि तिवारी

प्रमुख प्रशासकीय अधिकृत